"वित्तीय सफलताको लागि साथी"

# विन नेपाल लघुवित्त वित्तीय संस्था लि.

# Wean Nepal Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था, प्रादेशिक स्तर (बागमती प्रदेश)

केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक, फोन नं. ०११-६६५६२६
वेबसाईट : https://weannepal.com

## Unaudited Financial Results (Quarterly) Up to Ashadh 31, 2081 Fiscal Year 2080/081

*(Rs. in '000)*

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **847,835.14** | **890,110.78** | **830,279.07** |
| 1.1 | Paid-up Capital | 79,211.30 | 79,211.30 | 79,211.30 |
| 1.2 | Reserves and Surplus | 15,763.48 | (436.17) | 4,030.87 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 521,458.78 | 564,099.73 | 541,320.91 |
| 1.5 | Deposits (a+b) | **161,290.86** | **164,390.14** | **176,840.82** |
| | a. Domestic Currency | 161,290.86 | 164,390.14 | 176,840.82 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 4,871.49 | | |
| 1.7 | Other Liabilities | 65,239.23 | 82,845.78 | 28,875.17 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **847,835.14** | **890,110.78** | **830,279.07** |
| 2.1 | Cash & Bank Balance | 34,062.49 | 75,569.48 | 48,326.66 |
| 2.2 | Money at call and short Notice | 7,807.53 | 217.71 | 12,604.67 |
| 2.3 | Investments | 9,000.00 | 9,000.00 | 9,000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **737,400.21** | **738,019.67** | **730,098.69** |
| | a. Real Estate Loan | | - | - |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | 737,400.21 | 738,019.67 | 730,098.69 |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| | f. Others | | | |
| 2.5 | Fixed Assets | 12,959.43 | 13,195.91 | 13,785.50 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 46,605.48 | 54,108.01 | 16,463.55 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 114,962.63 | 76,528.82 | 110,442.14 |
| 3.2 | Interest Expense | 82,806.42 | 63,251.61 | 93,966.15 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **32,156.21** | **13,277.22** | **16,475.99** |
| 3.3 | Fees Commission and Discount | 82.57 | 29.34 | 361.35 |
| 3.4 | Other Operating Income | 19,971.55 | 7,026.18 | 5,718.09 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **52,210.33** | **20,332.73** | **22,555.43** |
| 3.6 | Staff Expenses | 23,793.43 | 17,125.28 | 24,459.12 |
| 3.7 | Other Operating Expenses | 17,296.86 | 12,263.34 | 16,812.01 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **11,120.04** | **(9,055.90)** | **(18,715.70)** |
| 3.8 | Provision for Possible Loss | | | 1,914.53 |
| **D** | **Operating profit (C-3.8)** | **11,120.04** | **(9,055.90)** | **(20,630.23)** |
| 3.9 | Non Operating Income/Expenses (Net) | | | 464.60 |
| 3.10 | Write Back of Provision for Possible Loss | 7,903.54 | 4,275.19 | 17,657.32 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **19,023.57** | **(4,780.71)** | **(2,508.31)** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | (981.01) | 12.35 | (1,010.02) |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **18,042.56** | **(4,768.36)** | **(3,518.34)** |
| 3.12 | Provision For Staff Bonus | 1,804.26 | | |
| 3.13 | Provision For Tax | 4,871.49 | | (3.79) |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **11,366.81** | **(4,768.36)** | **(3,514.55)** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.29% | 8.55% | 8.10% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 2.97% | 4.65% | 5.93% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 66.94% | 53.33% | 50.57% |
| 4.4 | Cost of Funds | 10.49% | 12.53% | 13.08% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 457.19% | 448.94% | 412.86% |
| 4.6 | Base Rate | 16.24% | 17.51% | 24.14% |

**Note:** Loans and investment are presented on gross basis. loss provisions are included on other liabilities.
Previous period figures have been regrouped/rearranged wherever necessary.
Above figures are subject to change upon otherwise instructions of Statutory Auditors and/or Regulatory Authorities.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०८०/०८१ चौथो त्रैमासिक विवरण

१. **प्रमुख वित्तीय विवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान हिसाब सम्बन्धी विवरण :**
यस वित्तीय संस्थाको आ.व २०८०/०८१ को चौथो त्रैमासिक अवधिको अपरिष्कृत (unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**ख. प्रमुख वित्तीय अनुपातहरू :**

| प्रति शेयर आम्दानी (वार्षिक) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कूल सम्पत्तिको मूल्य | तरलता अनूपात |
|---|---|---|---|---|
| १४.३५ | १०५.९९ | ११९.९० | १०७०.३५ | २६.४३% |

२. **व्यवस्थापकीय विश्लेषण:**

**क**) यस वित्तीय संस्थाको कारोबार, मौज्दात, प्रति शेयर आम्दानी, मूल्य आम्दानी अनुपात, प्रति शेयर नेटवर्थ, गत आ.व को सोही अवधिको तुलनामा उल्लेख्य सुधार भएको देखिन्छ । चालु आ.व. को चौंथो त्रैमासिक अवधिमा लघुवित्त कार्यक्रमलाई नकारात्मक असर पार्ने बाह्य बातावरणिय प्रभावहरुमा विगतको तुलनामा केही सुधार आएको छ ।

**ख**) नियामकीय नीतिगत व्यवस्था अनुसार कर्जामा लिन पाउने ब्याजदरको सीमाको वित्तीय लागतमा प्रभाव पार्ने जोखिम यथावत कायम रहेको छ । यसका बाबजुद चालु आ.व को चौंथो त्रैमासमा अन्य बैंक तथा वित्तीय संस्थाबाट प्राप्त सापटी रकममा बैंक तथा वित्तीय संस्थाहरुको आधार दरमा भएको कमीका कारण ब्याजदरमा केही सुधार आएकोले संस्थाको कार्यक्रम संचालनमा केही सहजता महसुस गरिएको छ ।

**ग**) २०८१ आषाढ मसान्त भित्र संस्थाको लागतमा कमि भई आधार दरमा कमि आएको छ। जसले संस्थाले यस त्रैमासमा मुनाफा आर्जन गर्न सफल भएको छ ।

घ) यस संस्थाले हाल ८ वटा जिल्लामा २१ वटा शाखामार्फत १२,०७७ ग्राहक सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आएको छ । लघुवित्त वित्तीय संस्थाहरु बीचमा भईरहेको तिव्र प्रतिस्पर्धाको सामना गर्नको लागि संस्थाका कर्मचारीहरुलाई तालीम दिई प्रतिस्पर्धात्मक बनाउन प्रयास गरिएको छ। आगामी दिनमा हाल संचालनमा रहेका शाखाहरुलाई थप मजबुत बनाउँदै लक्षित मुनाफा हासिल गर्ने उद्देश्य रहेको छ । त्यस्तै, ग्राहकहरुलाई समय सापेक्ष नयाँ सेवाहरु प्रदान गर्दै संस्थाको सेवालाई आधुनिकीकरण गर्दै लग्ने लक्ष्य रहेको छ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**

**क**) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्धमा कुनै मुद्दा दायर भएको छैन ।

**ख**) यस संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको जानकारी प्राप्त भएको छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विवरण :**

**क**) दोस्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत गराई कारोबार भई रहेको छ ।

**ख**) नेपाल स्टक एक्सचेन्जको वेभसाईट अनुसार यस चौंथो त्रैमासिक अवधिमा भएको यस वित्तीय संस्थाको शेयर कारोबारको विवरण निम्नानुसार छ । (मिति २०८१/०१/०१ देखि २०८१/०३/३१ सम्मको कारोबार विवरण)

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| १,६३८ | १,२१२ | १,५२१ | ६१ | १,७०,२९७ |

५. **समस्या तथा चुनौती :**

**क**) लघुवित्त कार्यक्रममा प्रभाव पार्ने उद्देश्य स्वरुप विभिन्न क्षेत्रमा लघुवित्त वित्तीय संस्था विरुद्ध संघर्ष समितिको नामबाट गरिएका क्रियाकलापमा केही सुधार आएता पनि सो को प्रभाव अझै पनि कायम नै रहेकोले लघुवित्त कार्यक्रममा सोचेअनुरुपको सुधार आउन समस्या भएको देखिन्छ। यसका साथै सदस्यहरुको दोहोरोपना, सदस्यहरुमा कर्जाको अधिक भार, तथा कर्जाको गुणस्तरमा कमि आउनु, जस्ता समस्याका साथै नियमनकारी निकायहरुबाट समय समयमा परिवर्तन भई जारी हुने नीति, नियम, तथा निर्देशन आदीको कारण संचालन जोखिम बढ्न सक्ने तथा सोको न्यूनीकरण गर्नका लागि थप चुनौती रहेको छ ।

**ख**) लघुवित्त वित्तीय संस्थाहरु स्रोतको लागि बैंक तथा वित्तीय संस्थाहरुमा निर्भर रहनु पर्ने वर्तमान अवस्थामा नियमन व्यवस्थाको कारणले लघुवित्त वित्तीय संस्थाहरुको लागत बढीरहेको अवस्था छ । यसका साथै वैदेशिक रोजगारीको कारण प्रायजसो कार्यरत जनशक्तिले जागिर छाड्ने प्रवृतिको कारण दक्ष जनशक्तिको अभाव हुनु तथा जनशक्ति व्यवस्थापन हालको समयमा निकै ठुलो समस्याको रुपमा उत्पन्न भइरहेको छ ।

६. **संस्थागत सुशासन :**

यस लघुवित्त वित्तीय संस्थामा संस्थागत सुशासनको स्तरलाई उच्च कायम राख्न सदैव प्रतिवद्ध रहेको छ। नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायद्वारा जारी गरिएका नीति निर्देशनलाई सजगताका साथ पालना गरिएको छ। संस्थाको कार्य तथा कारोबारलाई व्यवस्थित गर्न आवश्यकता अनुसार समितिहरु गठन गरी आवश्यक नीति तथा निर्देशिका तर्जुमा गरी उक्त नीति तथा निर्देशिकाहरुलाई संचालक समितिबाट पारित गरी कडाईका साथ पालना गरी अगाडि बढाइएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित भई आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।